# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/१२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको विवरण।

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | साकिर अहमदसमेत (०८०-CR-००१४) फैसला मिति २०८१।१।१३ | **गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।** | साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुरमा निज साकिर अहमदलाई विगो रू.१,५५,७९,६९५.५८ कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम कैद तथा जरिवानाको सजाय हुन साथै उक्त सम्पत्तिमध्ये निज आफू, निजकी श्रीमती नुरजहाँ र छोरा साजन शाहको नाममा राखी हाल कायम आरोपपत्रको तालिका नं. क, ख, ग र घ हरूमा उल्लिखित | **फैसला-**<br>सफाइ।<br>**सफाइ दिँदाका आधार-**<br>क) समग्र जाँच अवधिको आय तथा व्यय गणना गर्दा प्रतिवादीको व्यय निजको वैधानिक आयभन्दा कम नै रहेको देखिँदा प्रतिवादीउपर दाबी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को दाबी नपुग्ने। | १. प्रतिबादी साकिर अहमदलाई आरोपपत्र मागदाबीबाट सफाइ दिने गरी भएको फैसला अध्ययन गर्दा आरोपपत्रमा उल्लिखित शीर्षकहरू अन्तर्गतका आय व्यय विवरण एवम् निजले लिखित प्रतिवाद गर्दा दाबी गरेको आय व्यय विवरण समेतको आधारमा देहायका आधार कारण एवम् प्रतिपादित नजिर सिद्धान्त समेतका आधारमा विशेष अदालतले ग्रहण गरी प्रतिवादीहरूलाई सफाइ दिइएको आधार बदर भागी रहेको।<br><br>**प्रतिवादीको आय गणनातर्फ**<br>**क. साकिर अहमदलाई प्राप्त विभिन्न भत्ता**<br>प्रतिवादी सकिर अहमदले अनुसन्धानको क्रममा आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराममा विभिन्न शीर्षकमा गरी आ.व. ०७४/७५ देखि ०७९/८० सम्म रू.२,५९,२५०।— प्राप्त गरेको देखिएकोले यो रकम निजको आयमा गणना गरिएकोमा प्रतिवादीले लिखित प्रतिवाद गर्दा भत्ता शीर्षकमा रु पाँचलाख प्राप्त गरेको भनी दाबी गरे तापनि दाबी गरेको रु पाँच लाख सम्प्त्ति विवरण फारममा उल्लेख गरेको नदेखिनुका साथै निजले अनुसन्धानको क्रममा गरेको बयानमा समेत नखुलाई पछि अदालतमा बयान गर्दा नगरपालिकाबाट पत्र तयार गराई भत्ता रकम रु पाँच लाख दाबी गरेको तथ्य तत्काल प्राप्त प्रमाणबाट नभई पछि बनाइएको प्रमाणबाट देखिएकोले उक्त दाबी गरेको भत्ता आय निजको आयमा समावेश गर्नुपर्ने होइन।<br>**ख. जग्गा बिक्रीबाट प्राप्त आय**<br>निजले सार्वजनिक सेवामा प्रवेश पश्चात् आफ्नो नाममा रहेको जिल्ला कपिलवस्तु, कृष्णनगर-३ स्थित कि.नं. १५७७ क्षेत्रफल ०-०-४.५-० र १५७९ क्षेत्रफल ०-०-२.५-० जग्गा मिति २०७०/५/२४ गते खालिद बक्र मुसलमानलाई क्रमशः रू.५,४०,०००।— र रू.४,२०,०००।- मा बिक्री, जिल्ला कपिलवस्तु वीरपुर-८क स्थित कि.नं. ३९१७ क्षेत्रफल ०-०-४.५-० जग्गा मिति २०७५/१०/११ गते रू.५,५०,०००।- र श्रीमती नुरजँहाको नाममा दर्ता कायम जि. कपिलवस्तु कृष्णनगर-३ स्थित कि.नं. ६८० क्षेत्रफल ०-०-८.५-० जग्गा मिति २०७४।८।४ गते किरण श्रीवास्तवलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्रोत नखुलेको, आंशिक श्रोत खुलेको, श्रोत खुलेको र अंशबण्डाबाट प्राप्त सम्पत्तिहरूबाट समेत साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ ग., दफा २९(१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम जफत/असुल उपर | | रू.९,५०,०००।— मा बिक्री गरी रू.२४,६०,०००।- लाई मात्र निजको जग्गा बिक्रीबाट प्राप्त आयमा गणना गरिएको छ। निज प्रतिवादीले जग्गा विक्रीबाट थप रू.३५,००,०००।— आय भएको भनी आयमा केही थप जिकीर लिए पनि जि. अदालत कपिलबस्तुमा रहेको मुद्दाको फैसला आए पनि सो नै अन्तिम फैसला नरहेकोले शुरू अनुसन्धानको गणनाको समयमा निजको आय गणना गरिएको अवस्थामा फरक रहेको नदेखिएको हुँदा उक्त आयलाई प्रमाणमा लिन मिल्ने देखिदैन।<br>ग. **विदेशबाट प्राप्त रेमिट्यान्स**<br>निज प्रतिवादी साकिर अहमदको भाइ सावीरअली साह सन् २००२ देखि बैदेशिक रोजगारीको लागि कतार गई निजले बिदेशबाट पठाएको रकम भनी रू.२०,५३,०००/- दाबी गरे पनि साविर अलि शाहको बिदेशमा कार्यअवधिका साथै SALARY CERTIFICATE का आधारमा रू.१२,७५,६१३।- को ८५% ले हुने रू.१०,८४,२७१।०६ निजको आयमा गणना गरिएको भनी आयोगले दाबी गरेको छ। अदालतले फैसलाको प्रकरण ५५ मा प्रतिवादीको भाइले रेमिट्यान्स आय रु ३२,७४,६७३।– थप गरेकोमा प्रतिवादीले विदेशबाट नेपाल पठाएको भनी रकम जम्मा गरेको अविश्वसनीय तथ्यतर्फ प्रवेश नै नगरी आय कायम गरेको त्रुटिपूर्ण छ। प्रकरण ५४ मा उल्लेख भएअनुसार कतारी रियाल १२००।– (नेरु करीब ४३०००।-) तलब पाउने गरी सन् २०१९ मा कतार जाने निजको भाइले दाबी गरेको लाखौं रुपैयाँ बचत गर्न नसक्ने अवस्था देखिँदादेखिँदै सो दाबी रकमलाई आयमा समावेश गरी भएको फैसला त्रुटिपूर्ण छ। साथै आधिकारिक निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा विदेश जानुपर्ने व्यवस्था रहेकोमा सन् २००८ मै विदेश गएको भनी दाबी लिएको तर राहदानी पेश नगरेको अवस्थामा कुनै कम्पनीले बनाइदिएको पत्र कै आधारमा व्यक्ति उक्त कम्पनीमा कार्यरत रहेको कुरा विश्सनीय मान्न सकिन्न। विदेशमा कमाएको सम्पत्ति आफ्नो मुलुकमा के कुन मितिमा, के कुन माध्यमबाट आएको, जम्मा भएको, सटही भएको हो सो सबै कुराको कारोवार (Transaction) प्रमाणित हुने आधारसहित पुष्टि गर्नुपर्ने हुन्छ। त्यति ठूलो रकम अन्य प्रक्रियाबाट नेपाल ल्याएको भन्ने कुरा स्वाभाविक मान्न नसकिने हुँदा बैंकिङ वा वित्तीय प्रणाली लगायतका औपचारिक माध्यमबाट रकम ल्याइएको प्रमाणित हुनु वाञ्छनीय हुन्छ। साथै वित्तीय प्रणालीबाट ल्याउँदा पनि उक्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | सम्पत्तिको आर्जनको विश्वसनीय स्रोत पुष्टि हुनुपर्ने हुन्छ। अतः अन्य तथ्य वा कारोवारबाट समर्थन नभएको रेमिट्यान्सको स्रोतलाई मान्यता दिन मिल्ने स्थिति हुँदैन। यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतबाट **ने.का.प. २०६९, अङ्क २, नि.नं. ८७७० मा** ***"विदेशबाट प्राप्त रकम के कसरी देशभित्र भित्रिएको हो र सो रकमको स्रोत के हो भन्नेतर्फ ध्यान नदिने हो भने अवैधानिक रकमले स्वतः कानूनी आवरण प्राप्त गर्ने हुँदा विदेशबाट रकम प्राप्त भएको भनी दावी गर्ने पक्षले त्यस्तो रकमको स्रोत पुष्टि गर्ने दायित्वबाट उन्मुक्ति पाउन नसक्ने"*** भनी प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएको फैसला त्रुटिपूर्ण छ।<br>**घ. सवारी साधन बिक्री**<br>निज साकिर अहमदले आयोगमा पेश गरेको सम्पत्ति बिवरण फाराममा दुईवटा सवारी साधन बिक्रीबाट रू.१,०३,४८१।२५ आय गरेकोले उक्त रकम निजको आयमा गणना गरिएको छ तर उक्त फैसलाको प्रकरण ६९ मा कुनै आधार कारण उल्लेख नगरी रु १,१२,५००।– कायम गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>**ङ. कृषि आय**<br>प्रतिवादीको कृषि आयतर्फ हेर्दा आयोगका कृषि बिज्ञको प्रतिवेदन अनुसार निज साकिर अहमदको नामको जि. कपिलवस्तु शिवनगर ८(क) कि.नं. ६३६ र खुरहरिया १(ख) स्थित कि.नं. २०१, ६, १२, १९५, १९७, १९८, ७, ११, २२, २६, ३१, ३४, ३५, १९६, २०७, र २२२ को क्षेत्रफल ०-२६-७-० तथा श्रीमती नुर जहाँको नामको गणेशपुर-३ स्थित कि.नं. १०२, ११२, २१९, २९६, ३१२, ३३५, ३३८, ३३०, ३०, ६५३, ६५४, ६५५, ११८८, ६५१, ६५२, १९६८, ५१९३, ११३६, ११३७ र ८५१ गरी जम्मा १३ कठ्ठा जग्गाबाट निजले रू. २,११,८२७।६८ आय गरेको देखिएकोमा अदालतले रु ११,७६,०००।– कृषि आय कायम गरेको त्रुटिपूर्ण छ। यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतबाट युवराज शर्मा विरुद्ध नेपाल सरकार भएको मुद्दा (०७१-NF-००२१) मा "*कृषि आयको गणना गर्दा सबै प्रकृतिको खेत र खेतीलाई एकै प्रकारको मानी आयको गणना गर्नु बैज्ञानिक हुँदैन। कृषि आयको गणना गर्दा जग्गाको स्थिति र भूगोल कस्तो छ?कस्तो प्रकारको खेती हुने जग्गा हो?सिँचाइँको उपलब्धता कस्तो छ?लगायतका कुराहरूको आधारमा आयको गणना गर्नुपर्ने हुन्छ। त्यसैगरी मोही कायम भएको* |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | *जग्गा छ भने आधा आय मोहीको लागि छुटयाई आयको गणना गर्नुपर्ने हुन्छ भने कसैले जग्गा ठेक्का लगाई आम्दानी गरेको दावी गर्छ भने ठेक्का सम्झौताको आधारमा हुनुपर्छ"* भनी प्रतिपादित सिद्धान्तसमेत विपरीत भएको फैसला त्रुटिपूर्ण छ। प्रतिवादी साकिर अहमदले कृषि आयतर्फको जिकीरमा शुरू अनुसन्धानको गणना भन्दा बढी जिकीर लिएकोमा निजले पेश गरेको विवरण बमोजिम कृषि आय प्रमाणित गरिएकोमा उक्त आयबारे कुनै स्थलगत प्रतिवेदन नदेखिएकोले उक्त गणनाको स्पष्ट बस्तुनिष्ट आधार मिसिल संलग्न प्रमाणबाट नदेखिएको अवस्थामा कृषि आय बढी कायम गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ।<br>**च. राजन निर्माण सेवा आम्दानी**<br>साकिर अहमदको छोरा साजन साहको नाममा दर्ता राजन निर्माण सेवाको आ.व. २०७५/७६ को आम्दानी रू.३३,९६४।- देखिए पनि उक्त कम्पनीको लगानीमा २८.२५% श्रोत नपुगेकोले आम्दानीमा श्रोत पुगेको ७१.७५% ले हुने रू.२४,३६९।१७ लाई मात्र आय र आ.व. २०७६/७७ मा रू.४८,४७२।- देखिए पनि उक्त कम्पनीको लगानीमा २८.२५% श्रोत नपुगेकोले आम्दानीमा श्रोत पुगेको ७१.७५% ले हुने रू.३४,७७८।६६ गरी रू.५९,१४७।८३ मात्र निजको आम्दानीमा गणना गरिएको छ। फैसलाको प्रकरण ६७ मा राजन निर्माण सेवाको आम्दानी भनी आर्थिक वर्ष उल्लेख गरी आय रु २,६२,०९५।६६ कायम गर्दा लिइएका आधारहरू नखुलाई आय कायम गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>**छ. साजन डिजल्स (पेट्रोल पम्प) आम्दानी**<br>साकिर अहमदको श्रीमती नुर जहाँको नाममा रहेको साजन डिजल्सको आ.व. २०७८/७९ मा रू.१,३५,७७५।०७ देखिए पनि उक्त कम्पनीको लगानीमा ५४.५८% को श्रोत नपुगेकोले जम्मा श्रोत पुगेको ४५.४२% ले हुने रू.६१,६६९।०४ लाई मात्र साजन डिजल्सको आय आम्दानीमा गणना गरिएकोमा फैसलाको प्रकरण ६८ मा अदालतले प्रतिवादीको प्रारम्भिक आयको स्रोत नपुगेको सम्पत्तिबाट बढे बढाएको आम्दानीलाई समेत आय कायम गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>**ज. ऋण तथा अंशबण्डाबाट प्राप्त आय रकम**<br>विशेष अदालतको फैसलाको प्रकरण ५९ मा निज प्रतिवादीले अंशबण्डाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लिखतबाट आमा मार्फत रु २५,००,०००।–पाएको भनिए पनि उक्त रकमको स्रोत प्रतिवादीले पेश गर्न सकेको देखिदैन। अर्को तर्फ सो लिखतमा उल्लेख भए बमोजिमकै रकम निज प्रतिवादीले प्राप्त गरेको होला भनी अनुमान गर्दा पनि सार्वजनिक जिम्मेवारीको पदमा रही गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा लागेको आरोप विरुद्ध प्रमाण सिर्जना गर्नकै लागि पछिबाट घरसारमा त्यस्तो कागज बनाउँन सक्ने अवस्था रहन जाने तर्फ समेत विचार पुऱ्याउनुपर्ने हुन आउँछ। त्यसै गरी प्रतिवादी साबिर अहमदकी श्रीमती नुरजहाँले ऋण वापत रु २२,००,०००।– लिएको कुरा प्रकरण ६० मा उल्लेख भए पनि सोको स्पष्ट प्रयोजन खुलेको छैन। कसैको आय रकम पुर्याउनका लागि कसैसँग ऋण लिएको भनी अदालतले स्वीकार गर्नु न्यायोचित देखिदैन। अमुक व्यक्तिले कुनै प्रयोजन खुलाई वा नखुलाई कसैको बैङ्क खातामा रकम जम्मा गरिदिए कै आधारमा उक्त रकम वैध मान्न सकिन्न। आफ्ना गठमेलका मानिसहरूलाई मिलाई जुनसुकै समयमा तयार पार्न सकिने घरायसी बनावटी कागज खडा गरी गराई अपुष्ट बयान गरेको र गर्न लगाए कै भरमा प्रतिवादीको सम्पत्ति वैध हुने भनी गरिएको फैसला त्रुटिपूर्ण छ।<br>**झ. सापटी फिर्ता आय**<br>विशेष अदालतको फैसलाको प्रकरण ६६ मा ऋण सापटी वापत फिर्ता पाएको भनी बिना कुनै आधारमा रु ४१,७८,४००।- आय कायम गरेको त्रुटिपूर्ण छ। अनुमान बाहेक उक्त खातामा जम्मा गरिएको रकम निजै प्रतिवादीको आर्जनको हो भन्ने र नेपालबाटै गएको थियो भन्ने कुराको कुनै ठोस प्रमाण प्रतिवादी पक्षबाट पेश हुन सकेको पाइदैन। त्यस्तो कागज जुनसुकै बखत तयार गर्न सकिने अवस्थाको भएको र परस्पर मिलेमतोमा खडा गर्न सकिने प्रकृतिको हुँदा सम्बन्धित व्यक्तिहरू बीचको निजी विवादमा बाहेक प्रस्तुत मुद्दामा त्यस्ता कागजलाई मान्यता दिन मिल्ने हुँदैन। वस्तुतः गैरकानूनी रुपमा आर्जन गरिएको सम्पत्तिलाई शुद्धीकरण गरी बैधानिक बनाउन हरेक उपायहरू अपनाइने गरिन्छ। त्यस्तो सम्पत्ति आर्जन गरेको अबैधानिक स्रोतको अनुसन्धान गर्न कठिन र जटिल बनाई त्यसलाई पहिचान गर्न र पत्ता लगाउन नसकियोस् भनी देशभित्र विभिन्न बैङ्कहरूमा रकम सार्दै जाने र विदेशमा समेत विभिन्न बहाना र माध्यमबाट त्यस्तो रकम लगी त्यसलाई वैधानिक देखाउन वैधानिक मार्गबाट पुनः देशभित्र ल्याउने प्रयत्न गरिने हुन्छ। विदेशबाट प्राप्त रकम के कसरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | देशभित्र भित्रिएको हो र सो रकमको स्रोत के हो भन्नेतर्फ ध्यान नदिने हो भने अवैधानिक रकमले स्वतः कानूनी आवरण प्राप्त गर्ने हुँदा विदेशबाट रकम प्राप्त भएको भनी दावी गर्ने पक्षले त्यस्तो रकमको स्रोत पुष्टि गर्ने दायित्वबाट उन्मुक्ति पाउन सक्तैन। प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा फैसलाको प्रकरण ६६ मा उल्लेख भएअनुसार Everest र NMB Bank मा विभिन्न मितिमा विभिन्न व्यक्तिका नामबाट प्रयोजन खुलाई वा नखुलाई जम्मा गरिएको सम्बन्धमा रकम पठाउने स्रोत नै नखुलेको कागजको आधारमा विदेशबाट प्रतिवादीलाई निजैले ऋण दिएका व्यक्तिहरूले ऋण सापटी फिर्ता गरेको पुष्टि भएको भन्न नमिल्ने हुँदा सो रकमलाई प्रतिवादीको आय कायम गरेको त्रुटिपूर्ण छ। यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालतलेबाट **ने.का.प. २०६९, अङ्क २, नि.नं ८७७० मा** विदेशबाट ड्राफ्टमार्फत पठाइएको रकमलाई मान्यता नदिएको प्रसङ्गमा प्रस्तुत मुद्दामा पनि Everest र NMB Bank को खातामा विभिन्न व्यक्तिहरूले रकम जम्मा गरेको भनी प्रतिवादीको आय कायम गरेको त्रुटिपूर्ण छ।<br><br>**प्रतिवादीले अदालतको बयानमा लिएको जिकीरको सम्बन्धमा**<br>प्रतिवादीले परिश्रमिक आयतर्फ शुरू अनुसन्धानमा उल्लेख गरेभन्दा बढी जिकीर देखाएकोमा उक्त रकम शुरू अवस्थामा नै जीवन निर्वाह खर्च कट्टा गरी गणना गरिएको अवस्था रहेकोले उक्त जिकीर मिलेको देखिदैन। प्रतिवादीले निजको भाइबाट प्राप्त रकममा थप दावी लिएतर्फ हेर्दा निजले पेश गरेको कागज नेपाली अनुवादसमेत नरहेको साथै निजले शुरू अनुसन्धान भन्दा धेरै फरक पर्ने गरी पेश गरेकोमा उक्त आयमा निजले कर तिरेको समेत देखिएको अवस्था रहेको छैन। राजन निर्माण सेवा र साजन डिजल्सबाट भएको आम्दानीतर्फ फरक जिकीर रहेकोमा शुरू आयोगको गणना गरेको अवस्थामा सोही अदालतको बयानमा भएको रकमलाई श्रोत नपुगेको कम्पनी मानी सोहीबमोजिम हिसाव गरी गणना गरिएकोले आयोगको गणना आधारलाई अन्यथा मान्न सकिने अवस्था नरहेको देखिन्छ। व्ययतर्फ हेर्दा सिद्धार्थ बैङ्कमा तिरेको रकमको सम्बन्धमा सोही बैङ्कको कागजात बमोजिम निर्धारण गरेको हुँदा फरक जिकिर लिएकोमा कुनै थप प्रमाण पेश गर्न सकेको नदेखिएको स्थिति छ। अन्य शीर्षकको हकमा कुनै जिकिर नरहेको र विवाह खर्च देखाएको फरक जिकीरमा निजले शुरू आयोगको गणनामा नै सम्पत्ति विवरणबाट नै गणना गरिएकोमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निजको जिकीर बस्तुनिष्ठ अकाट्य रहेको देखिँदैन।<br><br>माथि उल्लिखित आधारमा प्रतिवादीको साथमा रहेको भनिएको स्रोत नखुलेको आय रू. १,१६,५३,९५०।-देखिन्छ भने व्ययतर्फ रू. २,७२,३३,६५२।६९ खर्च तथा लगानी गरेको देखिन्छ भने आय र व्ययको हिसाव गर्दा बैधानिक स्रोत नखुलेको ऋणात्मक रू. १,५५,७९,६९५।५८ आर्जन गरेको तथ्य मिसिल संलग्न प्रमाण कागजहरूबाट पुष्टि भइरहेको देखिएको। |